Journal of Janta Multiple Campus- JJMC, *5* (1), 2026, ISSN: 3021-9515 (Print)
https://doi.org/10.3126/jjmc.v5i1.97990

# बुढी, बुहारी र बटुवा लोककथाको संरचनात्मक अध्ययन

सन्तोष कार्की[1*]

[1] *शिक्षा अधिकृत, इटहरी उपमहानगरपालिका, इटहरी, सुनसरी*

* *Email: santoshkarki548@gmail.com*

## Article Info

**Article History:**

*Submitted 29 January 2026*

*Reviewed 02 March 2026*

*Revised 07 May 2026*

*Accepted 14 June 2026*

**Corresponding Author:**

*Santosh Karki*

*Email: santoshkarki548@gmail.com*

**ORCID:**

**Article DOI:**

https://doi.org/10.3126/jjmc.v5i1.97990

**Copyright Information:**

*Copyright 2026© Authors of this journal; with authors' permission, the copyright is transferred to the publisher for the first edition only.*

**Publisher:**

*Research Management Cell (RMC)*

*Janta Multiple Campus*

*Itahari, Sunsari*

*Tel.: 025-81300*

*Email: rmcjantacollege@gmail.com*

## लेखसार

लोकसाहित्य लिखित साहित्यको आधारशिला हो। लोककथामा मौखिक वा श्रुतिपरम्पराको विशेषता निहित हुन्छ। त्यसैले लोककथालाई अपठित समुदायको सांस्कृतिक सम्पत्तिका रूपमा लिने गरिन्छ। लोककथाका माध्यमबाट तत्कालीन समाजको सामाजिक, धार्मिक, सांस्कृतिक, भाषिक, भौगोलिक, राजनीतिक तथा आर्थिक अवस्थाबारे जानकारी प्राप्त गर्न सकिन्छ। कुनै पनि कृतिका संरचक घटकहरूबीचको व्यवस्थित सम्बन्धलाई संरचना भनिन्छ। संरचना व्यवस्था वा सङ्गठन हो, जुन विभिन्न घटकहरूको संयोजनबाट निर्मित हुन्छ। लोककथा निर्माणका लागि आवश्यक तत्त्वहरू नै त्यसका मूल संरचक घटक हुन्। मूलतः लोककथाका संरचक घटकहरू कथानक, सहभागी, पात्र, परिवेश, उद्देश्य तथा भाषाशैलीगत विन्यास हुन्। संरचनात्मक अध्ययनमा यिनै घटकका आधारमा विश्लेषण गरिन्छ। प्रस्तुत आलेखमा सङ्खुवासभा जिल्लाको धर्मदेवी क्षेत्रभित्र प्रचलित 'बुढी, बुहारी र बटुवा' लोककथाको सङ्कलन गरी संरचनात्मक दृष्टिकोणबाट अध्ययन तथा विश्लेषण गरिएको छ। यस अध्ययनको मुख्य समस्या उक्त लोककथाको संरचनात्मक विश्लेषण गर्नु रहेको छ भने यसको उद्देश्य लोककथाका संरचक घटकका आधारमा कथाको विश्लेषण गर्नु हो। अध्ययनका लागि पुस्तकालयीय तथा क्षेत्रीय अध्ययन विधिबाट सामग्री सङ्कलन गरिएको छ। सङ्कलित सामग्रीलाई लोककथाका संरचक घटकहरूको कसीमा राखी वर्णनात्मक तथा विश्लेषणात्मक विधिबाट विश्लेषण गरिएको छ। अध्ययनबाट उक्त लोककथाको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्नुका साथै खराब कर्म गर्ने व्यक्ति अन्ततः समाजबाट बहिष्कृत हुन्छ भन्ने नैतिक शिक्षा प्रवाह गर्नु रहेको निष्कर्ष प्राप्त भएको छ। कथामा छोटा, सरल तथा कोशीय अर्थ स्पष्ट हुने वाक्यहरूको प्रयोग गरिएको छ भने वर्णनात्मक शैलीका कारण घटनाहरू क्रमबद्ध र सिलसिलेवार रूपमा प्रस्तुत भएका छन्।

*मुख्यशब्दः* बटुवा, बुढी, बुहारी, लोककथा, संरचना

## विषयपरिचय

सङ्घीय संरचनाअनुसार कोसी प्रदेशका चौध जिल्लाहरूमध्येको एउटा जिल्ला सङ्खुवासभाको सिमाना पूर्वमा ताप्लेजुङ, पश्चिममा तेह्रथुम र भोजपुर, उत्तरमा चीन र दक्षिणमा धनकुटासँग गाँसिएको छ । धर्मदेवी नगरपालिका साबिकको तामाफोक, माम्लिङ र आँखीभुईँ गा.वि.स. मिलेर बनेको छ । हाल नौवटा वडा रहेको यस नगरपालिकाको २०६८ सालको राष्ट्रिय जनगणनाअनुसार १८,२३५ रहेको छ । यसको सिमाना पूर्वमा तेह्रथुम, पश्चिममा धनकुटा र भोजपुर जिल्लासँग रहेको छ । धर्मदेवी क्षेत्रमा मेलापात गर्दा, हाटबजार भर्दा, युवायुवतीले रामरौस गर्दा, माया, प्रीति, लाहुरे संस्कृति, आफ्ना जातजातिका कुल देवीदेवतासम्बन्धीका अनेकौँ किस्साहरूबाट लोककथा निरन्तर अगाडि बढिरहेको छ । यिनै लोककथामा तात्कालिक समाजका सामाजिक, धार्मिक, सांस्कृतिक, पौराणिक, आर्थिक तथा भाषावैज्ञानिक विषयलाई महत्त्वपूर्ण स्थान दिइएको हुन्छ । आख्यानात्मक गद्य रचना नै लोककथा हो । ग्रामीण समाजमा मेलापात गर्दा, कामको थकान मेटाउन, हाटबजार जाँदा आउँदा, चाडपर्व मनाउँदा लोककथा भन्ने गरिन्छ । लोकजीवनका विभिन्न मिथक, किस्सा तथा किंवदन्तीहरूलाई मूल विषय बनाइएको हुन्छ । यसले तत्कालीन समाजको मनोदशालाई देखाउँछ । लोककथाले अतीतलाई मात्र होइन वर्तमानलाई समेत चित्रण गरेको हुन्छ । धर्मदेवी क्षेत्र लोककथाको दृष्टिले उर्वरभूमि मानिन्छ तर अहिलेसम्म यहाँका लोककथाहरूको सङ्कलन तथा विश्लेषण गरेको पाइँदैन । त्यसैले प्रस्तुत आलेखमा यहाँका लोककथाको सङ्कलन तथा विश्लेषण गरिएको छ ।

हरेक साहित्यिक विधाको आआफ्नै संरचना हुन्छ । संरचनाको सम्बन्ध उपकरण/अङ्ग/घटक/तत्त्वसँग रहेको हुन्छ । विभिन्न घटकहरूको संयोजनबाट खास संरचनाको निर्माण भएको हुन्छ । लोककथा बन्न चाहिने आवश्यक तत्त्वहरू नै लोककथाका मूल संरचक हुन् । संरचनात्मक घटकहरूले कथाको पहिचान दिन्छ । मूलतः लोककथाका घटकहरू कथानक, सहभागी, पात्र, परिवेश, उद्देश्य र भाषाशैलीय विन्यास हुन् । संरचनात्मक अध्ययनमा तिनै घटकका आधारमा विश्लेषण गर्न सकिन्छ । प्रस्तुत लेख सङ्खुवासभाको धर्मदेवी क्षेत्रमा प्रचलित लोककथाको संरचनात्मक अध्ययन गर्नुसँग सम्बन्धित भएकाले यहाँ सङ्कलित लोककथाको कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीय विन्यासलाई विश्लेषणको मूल आधार बनाइएको छ ।

## पूर्वकार्यको समीक्षा

लोकसाहित्य सर्वप्राचीन तथा लोकप्रिय विधा हो । लोककथा अपौरुषेय श्रुतिस्मृति परम्पराका कथा हुन् । संसारका सबै पदार्थहरूमा जीवतत्त्व रहन्छ भन्ने आत्मशील धारणा, जादु, टुनामुना र धर्मबाट संसार परिचालित र निर्देशित छ भन्ने आनुष्ठानिक धारणा बोकेको सामूहिक अवचेतनको शब्दरूप लोककथा हो । त्यसैले यसमा लोकआस्था, लोकविश्वास, लोकसंस्कृति र सामाजिक रीतिरिवाजको प्रत्यक्ष प्रभाव रहेको हुन्छ । लोककथामा कल्पना, तिलस्मी प्रवृत्ति र रोमाञ्चक तत्त्वहरू विद्यमान हुन्छन् (पराजुली र गिरी, २०६८, पृ. १७२) । लोककथा एक सार्वदेशिक विधा भएकाले सबै ठाउँमा यसको छुट्टै अस्तित्व रहेको हुन्छ । धर्मदेवी क्षेत्र मिश्रित समुदाय भएको क्षेत्र हो । यहाँ जिमी, याख्खा, तामाङ र शेर्पाहरूको बसोबास बढी पाइन्छ । यहाँका लोककथा जाति, धर्म, ठाउँविशेष भिन्न छन् । अझै कथा भन्ने र सुन्ने परम्परा अस्तित्वमा रहेको छ । विशेष गरी मेलापात जाँदा, घाँसदाउरा गर्दा, गोठालो जाँदा, थकान मेटाउन चौतारीमा बस्दा,

केटाकेटीलाई फकाउन, समय काट्न लोककथा भन्ने र सुन्ने परम्परा रहेको देखिन्छ । लोककथा समयानुसार हस्तान्तरण हुँदै जान्छन् । यस्तो प्रकारको हस्तान्तरणमा ठाउँ, परिवेश, जातिविशेष केही परिवर्तन भए पनि त्यसको मूल रूप भने परिवर्तन हुँदैन । लोकसाहित्यको अत्यन्त महत्त्वपूर्ण विधा लोककथा भन्न र सुन्न कुनै औपचारिक अवसर चाहिँदैन । यो जुनसुकै समयमा पनि भन्न र सुन्न सकिए तापनि बढी उपयुक्त समय बेलुका वा राति हो । दिनभरको थकाइ मेटाएर मनोरञ्जन लिने, केटाकेटीहरूको उत्सुकता मेटाउने र तिनलाई फकाएर सुताउने तथा सबैको बसिबियाँलो गर्ने दृष्टिबाट यसको ठूलो उपयोगिता र महत्त्व रहेको छ (लुइटेल, २०७६, पृ. २८६) ।

संरचना भनेको ढाँचा, व्यवस्था वा सङ्गठन हो । कुनै पनि कृतिको संरचक घटकहरूको निर्मिति वा सम्बन्ध नै संरचना हो । कथा पूर्ण, सङ्गठित हुनुले त्यसको संरचनालाई सङ्केत गर्दछ । कृतिका मूल घटकहरू त्यसका संरचक घटकहरू हुन् । संरचनामा पूर्णता, परिवर्तनशीलता र स्वनिष्ठताजस्ता गुण हुन्छन् । यसले कृतिको बनोट र बुनोट प्रक्रियलाई बुझाउँछ । संरचनाका सन्दर्भमा दुई दृष्टिकोण पाइन्छन् । पहिलो, वस्तुको संरचक तत्त्वहरूका बीचको एउटा स्थिर सम्बन्ध समुच्चय हो भने दोस्रो, अन्तर्निहित अवयवहरूले बनेको समग्र अस्तित्व हो (लुइटेल, २०५८, पृ. ४२) । कुनै पनि कृति सिर्जना गर्दा सानासाना अवयवहरू मिलेर एउटा सिङ्गो कृतिको निर्माण भएको हुन्छ । तिनै सानासाना अवयवहरूको व्यवस्थित सङ्गठित पूर्णता हुनु नै संरचना हो । लेखकले विषयवस्तु र अर्थ प्रदान गर्नका लागि एउटा कृतिका विभिन्न घटक वा एकाइहरूको क्रमबद्ध विन्यास गर्दछ र त्यसैलाई त्यस कृतिको संरचना मानिन्छ । यसर्थ कृतिको संरचना भनेको त्यसको समग्र आकृति एवं समग्रतायुक्त हुन्छ र त्यसले विभिन्न घटकहरूका आन्तरिक सम्बन्धको सामञ्जस्यबाट विशिष्टता प्राप्त गर्दछ (लुइटेल, २०५८, पृ. ४३) । यसरी हेर्दा संरचना भनेको कृतिमा आउने घटकहरूको व्यवस्थित ढाँचा वा समुच्चय हो । विभिन्न तत्त्व घटकहरूको संयोजनबाट कृतिले पूर्णता तथा जीवन्तता प्राप्त गर्दछ । यसमा सबै घटकहरूको पारस्परिक सम्बन्ध रहेको हुन्छ । कुनै पनि कृतिलाई एकीकृत गर्ने काम संरचनाले गर्दछ । संरचनालाई रूप भनेको पनि पाइन्छ । साहित्यिक कृतिहरूको योजनाबद्ध पर्याधार मानिने संरचना र रूपको बीचमा निकट सम्बन्ध रहेको छ । संरचना र रूपका बीचमा विभेद रहेको बताएको पाइए पनि यी दुवैमा एकै प्रकारका विशेषता हुनाले यिनलाई समानार्थी रूपमा प्रयोग गर्न सकिन्छ । यी दुवै सावयव अमूर्त रहने र मूर्त घटकबाट निर्मित हुने भएकाले यी दुईमा रहेको अर्थगत समानताको पुष्टि हुन्छ । तथापि आधुनिक समालोचनाका क्षेत्रमा रूपभन्दा संरचना शब्दको प्रयोग ज्यादा भएको देखिन्छ (लुइटेल, २०६२, पृ.४६) । यसरी हेर्दा एउटा पूर्ण कृति बन्नका लागि त्यसका संरचक घटकहरूको सहसम्बन्ध हुनु आवश्यक देखिन्छ । कथामा आवश्यक हुने घटकहरू नै लोककथाका संरचक घटकहरू हुन् । संरचना भनेको कृतिको बनोट र बुनोटको सामञ्जस्य हो । त्यसलाई पूर्णता दिने काम पूर्णता, परिवर्तनशीलता र स्वनिष्ठताले गर्दछ ।

**कथानक**

घटनाहरूको कालक्रमिक विन्यासलाई कथानक भनिन्छ । यो लोककथाको आधारशिला पनि हो । लोककथामा सामान्य रूपमा घटनाको प्रबलता पाइन्छ । कथामा जसरी घटनाहरूको क्रमबद्ध शृङ्खला हुन्छ लोककथामा पनि त्यस्तै प्रकारको विन्यास हुन्छ । लोककथाका घटनाहरूमा कल्पनासँगै उत्सुकतासमेत हुने हुँदा यसमा पाठक वा श्रोतामा जहिले पनि अब के होला, त्यसपछि के हुन्छ भन्ने प्रश्न र संशय रहेको हुन्छ । यो नै लोककथाको मौलिक वैशिष्ट्य हो । कथामा

घटनाहरूको शृङ्खलामा उल्झन आयो भने श्रोतामा उत्सुकता नै मर्छ। त्यसैले यसमा आदि, मध्य र अन्त्यको सामञ्जस्य हुन्छ। लोककथाको विषयगत घटनामा विविधता पाइन्छ। लोककथामा पौराणिक, किंवदन्तीमूलक, काल्पनिक, स्वैरकाल्पनिक, अतिप्राकृतिक, सामाजिक, मानवेतर आदि जुन स्रोतबाट पनि कथावस्तु ग्रहण गरिएको हुन्छ। यसमा प्रायः आदि, मध्य र अन्त्य सबै अङ्ग पुगेको पूर्ण कथानक रहन्छ। यसको विकास व्यतिक्रमिक नभई क्रमिक र रेखीय ढङ्गमा अगि बढ्छ (लुइटेल, २०७६, पृ.२९२)। लोककथाको कथानक जति प्रभावपूर्ण हुन्छ त्यति नै श्रोतामा कुतूहलता रहन्छ। लोककथामा आदि, मध्य र अन्त्यको शृङ्खलामा विशेष सुखद वा सुखदपन पाइन्छ। एकाधबाहेक सबै लोककथाको बिसौनी सरल, सहज, सुखद हुन्छ।

लोककथाको एउटा महत्त्वपूर्ण तत्त्व कथानक हो। कथानक भन्नाले शृङ्खलाबद्ध घटनाहरूको समूह हो। यसमा कार्यकारण सम्बन्ध हुन्छ। कथानकमा आएका विभिन्न घटना, प्रसङ्गले सहभागी तथा परिवेशलाई निर्धारण गर्छ। लोककथाका कथानक पौराणिक, सामाजिक, किंवदन्तीमूलक, अतिप्राकृतिक र पशुपक्षीका विषयहरूबाट लिएको हुन्छ। कथानक भनेको घटनाहरूको आदि, मध्य र अन्त्यको पारस्परिक सम्बन्ध हो। एउटा पूर्ण कथामा तीन कुराहरूको महत्त्वपूर्ण भूमिका रहन्छ, वाचक, सम्बोधित र कथा। वाचकले पाठकलाई, सम्बोधितले श्रोतालाई र कथाले सन्दर्भलाई जनाउँछ (लुइटेल, २०६२, पृ. २०७)। यिनै तीनको त्रिकोणात्मक सम्बन्धबाट कथाको सिर्जना हुन्छ।

**सहभागी**

कथानकलाई डोऱ्याउने एउटा महत्त्वपूर्ण तत्त्व सहभागी हो। यसलाई पात्र वा चरित्र पनि भन्ने गरिन्छ। सहभागीले कथानकलाई गन्तव्यसम्म पुऱ्याउने कार्य गर्छ। लोककथामा आउने सहभागी मानवीय मात्र नभएर मानवेतर पनि हुन्छन्। पात्रले गर्ने कार्यव्यापारको आधारमा उसको चरित्र निर्धारण हुन्छ। आख्यानात्मक कृतिमा सहभागीको सम्बन्ध घटनाहरूसँग हुन्छ। कहिलेकाहीँ कथामा कथानकले पात्रलाई डोऱ्याउँछ भने कहिले पात्र प्रमुख भएर कथानकलाई डो¥याउँछ। यसरी कथानकप्रधान भएको कृतिलाई घटनाप्रधान र चरित्रले कथानक डोऱ्याएमा त्यसलाई चरित्रप्रधान कृति भनिन्छ। लोककथामा सामान्यतया घटनाको प्रधानता रहने गर्छ।

साहित्यिक कृतिमा प्रयुक्त सहभागीहरूको वैयक्तिक गुण र कार्यव्यापार तिनले घटनावलीमा गर्ने कार्यका आधारमा निर्धारित हुन्छन्। सहभागी कथानकमा आबद्ध हुन्छन् र तिनैले कथानकलाई गतिशील तुल्याउँछन्। कृतिमा सहभागीहरूको सहभागिता वक्ता–श्रोता, सम्बोधक सम्बन्धित, प्रेषक–प्रापक आदिका रूपमा हुन्छन्। कृतिमा एउटै पात्र विभिन्न भूमिकामा आएको हुन्छ।

**परिवेश**

लोककथामा पात्रले क्रियाकलाप गर्ने र घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ। ठाउँ र समयका साथै स्थानविशेषको वा समयविशेषको रीतिथिति, आचरण, व्यवहार, रहनसहन, विश्वास, मान्यता, प्राकृतिक पृष्ठभूमि, भौगोलिक अवस्थिति, जीवन र सोचाइ आदि पनि परिवेशभित्रै आउँछन्। लोककथामा प्रायः स्थान परिवेशको विशेष महत्त्व रहेको हुन्छ। परिवेशले कथानक र पात्रलाई आधारस्थल प्रदान गर्छ र तिनलाई सक्रिय तुल्याउँछ (लुइटेल, २०७६, पृ. २९३)। परिवेश कृतिभित्रको र कृतिबाहिरको गरी दुई प्रकारको हुन्छ। कृतिभित्रको भन्नाले कथामा आएका

पात्रहरूको विचार, क्रियाकलाप सम्बद्ध हुन्छ भने कृतिबाहिरको परिवेशले कथाको समय, कार्य भएको ठाउँ आदिलाई बुझाउँछ । लोककथामा परिवेशको स्थान महत्त्वपूर्ण हुन्छ । लोककथाको उठान नै परिवेशबाट गरिएको हुन्छ, जस्तै– एकादेशमा, एउटा गाउँमा, परापूर्वकालमा लोककथा श्रुतिपरम्परामा अगाडि बढ्ने तथा बेलुकाको समयमा बढी सुनाउने तथा सुन्ने गरिन्छ । घटना घटित हुने ठाउँ, समय र त्यहाँको वातावरणलाई परिवेशले समेट्छ । लोककथा मेलापात, हाटबजार, वनपाखा गर्दा बढी भनिने हुँदा ती स्थानलाई परिवेशको रूपमा लिने गरिन्छ । बिहान, बेलुका, धनकुटा, कालीखोला, काशी, वनजङ्गल आदि सबैलाई परिवेशको रूपमा लिइन्छ । लोककथाको परिवेशअन्तर्गत सामान्य र विशिष्ट (ऐतिहासिक) दुई प्रकारका कथास्थल र कथासमयको प्रयोग गरिएको पाइन्छ । एकादेशमा, घर, खेत, दैलो, आँगन आदि सामान्य कथास्थल हुन भने बाङ्गो सालडाँडो (तेह्रथुम), रानीपोखरी (काठमाडौँ) अयोध्या आदि विशिष्ट स्थान हुन् । परापूर्वकाल, बिहान, दिउँसो राती आदिलाई सामान्य कथासमय मानिन्छ भने नब्बे साल, रातको आदि विशिष्ट कथासमय हुन् (लुइटेल, २०७६, पृ.२९३–२९४) ।

**उद्देश्य**

साहित्य सिर्जनाको खास उद्देश्य हुन्छ । लोककथा सिर्जनाको पनि उद्देश्य हुन्छ । विनाउद्देश्यको लोककथाले सार्थकता पाउँदैन । लोककथाको मूल प्रयोजन नीतिशिक्षा, उपदेश तथा मनोरञ्जन प्रदान गर्नु हो । लोककथाको समापन सुखान्त हुने भएकाले यसमा नीति, उपदेश र मनोरञ्जन दिने प्रयोजन प्रमुख रूपमा आएको हुन्छ । लोककथाले बालकदेखि वृद्धसम्म सबै उमेरसमूहका मानिसलाई मनोविनोद प्रदान गरी उद्देश्य पूरा गर्दछ । मनोरञ्जनका अतिरिक्त लोककथाले नीति, उपदेश, शिक्षा दिने उद्देश्य पनि पूरा गरेको पाइन्छ (लुइटेल, २०७६, पृ.२९४) । लोककथामा समाजको प्रतिबिम्ब हुने भएकाले यसमा समाजका विषयहरू प्रस्तुत गरिएको हुन्छ । लोककथामा तत्कालीन समाजको सामाजिक, धार्मिक, सांस्कृतिक, रहनसहन, मनोविज्ञान, भाषिक, राजनैतिक, शैक्षिक तथा आर्थिक विषयहरू झल्काइएको हुन्छ । नैतिक शिक्षा दिनु, धर्मको प्रचार र व्याख्या गर्नु, नैतिक तथा व्यावहारिक शिक्षा दिनु, दुःख निवारण गर्नु आदि उद्देश्यहरू लोककथामा रहेको पाइन्छ (पराजुली र गिरी, २०६८, पृ. १८६) ।

**भाषाशैलीय विन्यास**

भाषाशैलीय विन्यास लोककथाको अर्को महत्त्वपूर्ण घटक हो । लोककथामा प्रस्तुत भाषा र त्यसलाई प्रस्तुत गर्ने शैलीले फरक अर्थ राख्दछ । लोककथाको भाषा सरल, सहज हुन्छ । श्रुतिपरम्परामा अडिएको हुने हुँदा एकले अर्कोलाई सुनाउँदा सरल, द्वैत अर्थ नलाग्ने, सामान्य, छोटा वाक्यको प्रयोग गरिएको हुन्छ । यसमा गद्य भाषाको प्रयोग गरिएको हुन्छ । सुन्ने र सुनाउने प्रक्रियामा यसको भाषामा पनि परिवर्तन आउने गर्दछ । सुदूरपश्चिमको लोककथामा त्यहाँको भाषिकाको प्रभाव हुन्छ भने पूर्वमा आइपुग्दा भाषामा परिवर्तन आउँछ । ठाउँ, परिवेश, समय आदि विभिन्न कुराको प्रभावले गर्दा लोककथाको भाषामा परिवर्तन आउँछ । भाषा सरल भएकै कारण सबै उमेरसमूहका लागि लोककथा बोधगम्य बन्न पुग्छ । लोककथामा प्रयुक्त भाषा सरल, सहज र बोधगम्य हुन्छ । अर्थको दुरुहता हुँदैन । वाक्यहरू छोटाछोटा अजटिल र अनलङ्कृत हुन्छन् । कथा प्रस्तुत गर्ने ढङ्गलाई शैली भनिन्छ । लोककथामा विषयवस्तु भन्ने व्यक्तिअनुसार शैली फरकफरक हुन पुगे पनि यसमा मुख्यतः शैली अङ्गालिन्छ । सरल र प्रवाहपूर्ण शैलीमा कथाको कथन रोचक, कौतूहलपूर्ण ढङ्गले गरिन्छ । लोककथाको शैलीमा अर्थको जटिलता तथा बिम्ब, प्रतीकको प्रधानता हुँदैन (लुइटेल, २०७६, पृ. २९४)

। लोककथा अपठितहरूको साहित्य भएकाले यसमा सरल, सहज, अजटिल भाषाको प्रयोग वाञ्छनीय मानिन्छ । यसको प्रस्तुतिमा जटिल, द्वैत अर्थ लाग्ने भाषाको प्रयोग राम्रो मानिँदैन । साथै, कथाको प्रस्तुति सलल बगेको हुनुपर्छ । भाषिक क्लिष्टता, बिम्ब, प्रतीक, अलङ्कारको प्रयोग औचित्यपूर्ण मानिँदैन । लोककथाको सुरुवात एकादेशमा, परापूर्वकालमा, प्राचीन समयमा आदिबाट सुरु गरिन्छ भने 'यो कथा बैकुण्ठमा जाला भन्ने बेलामा आइजालामा समापन गरिन्छ । यो यसको शैली हो । प्रस्तुत गर्ने ढङ्ग वा ढाँचा, ठाउँ वा परिवेश र समायानुकूल परिवर्तन हुन्छ ।

## विधि र सामग्री

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ । अध्ययनका लागि आवश्यक सामग्री प्राथमिक तथा द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ। प्राथमिक स्रोतअन्तर्गत सङ्खुवासभा जिल्लाको धर्मदेवी क्षेत्रमा प्रचलित 'बुढी, बुहारी र बटुवा' लोककथा सम्बन्धित क्षेत्रमा प्रत्यक्ष रूपमा गई सूचकहरूबाट क्षेत्रीय अध्ययनमार्फत सङ्कलन गरिएको छ। द्वितीयक स्रोतअन्तर्गत लोकसाहित्य, लोककथा तथा संरचनात्मक अध्ययनसँग सम्बन्धित पुस्तक, अनुसन्धानमूलक लेख, शोधप्रबन्ध, जर्नल तथा अन्य प्रकाशित सामग्रीहरूको उपयोग गरी अध्ययनको सैद्धान्तिक आधार तयार गरिएको छ। यसरी सङ्कलित सामग्रीका आधारमा लोककथाका संरचक घटकहरूको कसीमा राखी वर्णनात्मक तथा विश्लेषणात्मक विधिबाट अध्ययन सम्पन्न गरिएको छ । बुढी, बुहारी र बटुवा लोककथाको संरचनात्मक शीर्षकको अध्ययन तयार पार्दा लोककथाको सैद्धान्तिक स्वरूपलाई सामान्यीकृत गरी लोककथाको विश्लेषण गरिने भएकाले यहाँ सङ्कलित लोककथाको व्याख्या, विश्लेषण गर्दा वर्णनात्मक विधिको प्रयोग गरिएको छ । लोककथाहरूका संरचक घटकका आधारमा लोककथाको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## नतिजा र छलफल

### कथानक विश्लेषण

बटुवा साँझमा बास माग्न जानु, बुढीले बल्लतल्ल बास दिनु, कोठाभित्र बटुवाले एक सुतिरहेको युवकले तेल लगाउँदै गरेको देख्नु, बुढीले बुहारीलाई कान्छीऔँलामा तेल नलगाउनु भन्नु, बटुवा चकित परी रातभर जागा बस्नु, मध्यरातमा बुढी र बुहारी मिली युवकको कान्छीऔँलाबाट मुटु, कलेजो निकाल्नु, उक्त मुटु, कलेजो भुट्न लगाउनु, बुढी र बुहारी दुवै सर्वाङ्ग भएर दियो बोकी हिँड्नु, बटुवाले पिछा गर्नु, बुढी र बुहारी काशीतर्फ लाग्नु, गाउँभरिका महिलाले हातमा दियो बोकेर आउनु, सबैले वरपिपलका बोट उखेली बोकेर आकाशमा उड्न थाल्नु, बटुवा पनि हावामा उड्न थाल्नु, पालैपालो गङ्गामा नुहाउन जानु, त्यही मौकामा बटुवाले पत्थर टिप्नु, सबैले अगि बोकेका रुख त्यही बगरमा राख्नु, त्यही मौकामा बटुवाले कुखुरी काँ गरेर कराउनु, सबै महिलाहरू डराएर रुख त्यहीँ छोडी हतारहतार घरतिर लाग्नु, बटुवा पनि घरतर्फ लाग्नु, बुढी बिहान छोरो मर्यो भन्दै रुँदै कराउनु, सबै गाउँले जम्मा हुनु, बटुवाले छोरो बुढी र बुहारीले मारेको बताउनु, रातभर भएको सम्पूर्ण घटना सुनाउनु, गाउँलेहरूले दुवैलाई कालोमोसो दली गाउँबाट निकाला गर्नु र अन्त्यमा बटुवाले झारफुक गरी युवकलाई जिउँदो बनाउनु कथाको घटना विन्यासक्रम हो ।

### आदिभाग

एकदिन झमक्क साँझ परेको बेला बटुवा बास माग्दै गाउँतिर जानु, सबैले बास छैन भन्दै टार्नु, बटुवालाई कसैले बास नदिनु लोककथाको आदिभाग हो ।

(क) चिनारी

बटुवा झमक्क साँझमा बासका लागि गाउँतिर जानु ।

(ख) सङ्घर्षविकास

बटुवालाई गाउँमा बास कसैले नदिनु ।

बटुवा झमक्क साँझमा बासका लागि गाउँतिर जानु कथानकको चिनारी हो । बटुवालाई गाउँमा बास कसैले नदिनु कथानकको सङ्घर्षविकास हो । यसरी हेर्दा प्रस्तुत लोककथामा झमक्क साँझ पर्न लागेको बेला बटुवा बास माग्न गाउँ जानु कथानकको चिनारी हो । यही घटनाले प्रमुख सहभागी र परिवेशको जानकारी दिएको छ । बटुवाले गाउँमा बास नपाउनु कथानकको पहिलो सङ्कटावस्था हो ।

**मध्यभाग**

बास माग्दै बुढीकोमा पुग्नु, बुढीको घरको पिँढीमा सुत्नु, बुढीले बुहारीलाई छोरोको कान्छीऔँलामा तेल नलगाउनु भन्नु, बटुवा रातभर नसुत्नु, मध्यरातमा बुढीले सुतिरहेको युवकको कान्छीऔँलामा छुरीले एक चिरा पारी मन्त्र पढ्दै मुटु, कलेजो झिक्नु, केही टुक्रा नाङ्गलोले छोपेर राख्नु र बाँकी बुहारीलाई भुट्न लगाउनु, मुटुकलेजो खाई बुढी र बुहारी सर्वाङ्ग भएर हातमा दियो बोकी बाहिर निस्किनु, त्यही मौकामा बटुवाले बुढीले लुकाएर राखेको मुटु, कलेजो जुवारीकोटमा राख्नु, बुढी र बुहारीको पछिपछि लाग्नु, दुवै बगरमा पुग्नु, बटुवा रुखको टुप्पोमा चढ्नु, केही बेरमा धेरै महिलाहरू सर्वाङ्ग भएर हातमा दियो बोकी आउनु, पिपलको रुखमुनि आएर नाच्नु र सबै रुख उखेलेर काँधमा बोकेर हिँड्नु, बिस्तारै उड्दै काशीतर्फ जानु, गङ्गामा नुहाएर फेरि पुरानै ठाउँमा फर्किनु, त्यतिबेला नै बटुवाले कुखुरी काँ गरेर कराउनु, सबै महिलाहरू रुख त्यहीँ छोडी घरतर्फ लाग्नु, बिहान उज्यालो भएपछि बुढी मेरो छोरो मर्यो भन्दै रुनु, सबै गाउँलेहरू भेला भएर सोधपुछ गर्नु, त्यति नै बेला बटुवाले बुढी र बुहारी मिलेर मारेको बताउनु, सबै गाउँलेहरूलाई राति भएको घटनाको बेलीविस्तार लगाउनु, बुढी, बुहारी र गाउँका अरू आइमाईहरू बोक्सी भएको थाहा पाउनु, गाउँलेहरू मिलेर बोक्सीलाई कालोमोसो दलेर गाउँबाट निकाल्नु जस्ता घटनाक्रमले तयार पारेको कथानक यस कथाको मध्यभाग हो ।

यस लोककथाको मध्यभागको कथानकविन्यासलाई यसरी देखाउन सकिन्छ:

(क) दोस्रो सङ्कटावस्था: बटुवा बास माग्दै बुढीको घरमा पुग्नु,

(ख) तेस्रो सङ्कटावस्था: बुढी र बुहारी मिलेर कान्छीऔँलाबाट मुटु, कलेजो झिकेको बटुवाले देख्नु,

(ग) चौथो सङ्कटावस्था: बुढी, बुहारी र गाउँका अन्य महिलाहरू सर्वाङ्ग भएर बगरमा पुग्नु र बटुवा पनि सँगै जानु,

(घ) पाँचौँ सङ्कटावस्था: गङ्गाबाट नुहाएर फर्किने बेलामा बटुवाले कुखुरी काँ गरेर कराउनु र सबै आफ्नो घरतिर फर्किनु,

(ङ) छैटौँ सङ्कटावस्था: बिहान छोरो मर्यो भन्दै बुढी र बुहारी रुनु, कराउनु,

(च) सातौँ सङ्कटावस्था: बटुवाले गाउँलेहरूको अगाडि राति भएको घटनाको बेलीविस्तार लगाउनु र बोक्सीहरूलाई कालोमोसो दलेर गाउँबाट निकाल्नु ।

यस लोककथाको मध्यभागको कथानकविन्यास क्रमिक रूपमा अगि बढेको छ । आदिभागमा गरिएको सम्भावित

समस्याको विस्तार मध्यभागमा भएको छ । यहाँ कथानकको श्रृङ्खला टुटेको छैन । बटुवा बास माग्दै बुढीको घरमा पुग्नु पहिलो सङ्कटावस्था हो । दोस्रो सङ्कटावस्थाको रूपमा बुढी र बुहारीले युवकको मुटु, कलेजो निकाल्नु हो । यो कथानकको मूल समस्या हो । बुढी, बुहारी र गाउँका अन्य महिला सर्वाङ्ग भएर बगरमा पुग्नु चौथो सङ्कटावस्था हो । गङ्गाबाट नुहाएर फर्किने बेलामा बटुवाले कुखुरी काँ गरेर कराउनु पाँचौँ सङ्कटावस्था हो भने बिहान मेरो छोरो मर्यो भन्दै रुनु, कराउनु छैटौँ सङ्कटावस्था हो । सातौँ सङ्कटावस्थाको रूपमा बटुवाले रातिको सम्पूर्ण घटना गाउँलेहरूलाई सुनाउनु हो । यसरी हेर्दा प्रत्येक सङ्कटावस्थाहरू एकअर्का बीचमा अन्तरसम्बन्धित रहेका छन् ।

**अन्त्यभाग**

बटुवाले मृत युवकलाई बुढीले पढेको मन्त्र पढी पुनः मुटु, कलेजो राखी दिनु, मृत भएको युवक बाँच्नु र बटुवा पनि आफ्नो गन्तव्यतिर लाग्नु यस लोककथाको अन्त्यभाग हो ।

(क) सङ्घर्षह्रास

बटुवाले मृत्यु भएको युवकलाई बचाउनु ।

(ख) उपसंहार

त्यसपछि बटुवा गाउँबाट हिँड्नु ।

बटुवाले मृत्यु भएको युवकलाई बचाउनु कथानकको सङ्घर्षह्रास हो । त्यसपछि बटुवा गाउँबाट हिँड्नु कथानकको उपसंहार हो । अतः यहाँ बटुवाले मृत्यु भएको युवकलाई पुनः बचाउनु कथानकको सङ्घर्षह्रास हो । बटुवा त्यसपछि गाउँबाट जानु कथानकको समापन हो । यसरी हेर्दा कथानकको विन्यास व्यवस्थित रूपमा भएको देखिन्छ । आदि, मध्य र अन्त्यको श्रृङ्खलाले कथानकलाई मजबुत बनाएको छ ।

**सहभागी विश्लेषण**

बुढी, बुहारी र बटुवा लोककथामा मानिसको अद्भुत कलाको प्रस्तुति पाइन्छ । यस लोककथामा बुढी, बुहारी, बटुवा, गाउँलेहरू, अन्य महिलाहरू सहभागीको रूपमा आएका छन् । प्रस्तुत लोककथामा आएका सहभागी र तिनको अभिलक्षणलाई तालिका १ मा प्रस्तुत गरिन्छ ।

तालिका १ लाई हेर्दा यहाँ बुढी, बुहारी, बटुवा, युवक, अन्य गाउँका बोक्सी महिला, गाउँलेहरू सहभागीको रूपमा आएका छन् । यसरी कथामा आएका सहभागीको उपस्थिति सहज रूपमा भएको देखिन्छ । कथाका मूल पात्र बुढी र बटुवा हुन् । बुढी र बुहारीले आरम्भमा कथाको चिनारी दिएका छन् । पहिलो सङ्कटावस्था पनि उनीहरूबाटै प्रारम्भ भएको छ । बुढी प्रमुख महिला पात्र हो । उसले तन्त्रविद्या जानेकी छे । त्यसैको सहयोगमा आफ्नो छोराको मुटुकलेजो निकालेकी छे । त्यसैले ऊ एक प्रतिकूल सहभागी हो । ऊ कथाको आरम्भदेखि अन्त्यसम्म एउटै चरित्रमा देखिएकी छे । अर्थात् उसको स्वभाव, भावना, विचार, कार्यव्यापारमा कुनै परिवर्तन आएको छैन । त्यसैले ऊ एक स्थिर पात्र पनि हो । कथामा बुढी एउटी छुच्ची, फटाहा, तन्त्रविद्याको ज्ञान भएकी पात्रका रूपमा देखिएकी छे । उसले व्यक्तिपात्रलाई विशेष स्थान दिएकी देखिन्छे । कथामा बुढीको माध्यमबाट कथाको चिनारी, सङ्घर्षविकास, सङ्कटावस्थाको सिर्जना र सङ्घर्षह्रासको स्थितिको विकास भएको देखिन्छ । कथामा उसको उपस्थिति सहज तथा सन्दर्भयुक्त देखिन्छ । त्यसैले बुढी मञ्चीय र बद्ध सहभागी भएको पुष्टि उसका कार्यव्यापारले गरेका छन् ।

**तालिका १**

*'बुढी, बुहारी र बटुवा' लोककथामा सहभागी*

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गीय | व्यक्ति | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| बुढी | – | * | * | – | – | – | * | – | * | – | * | – | * | * | – |
| बुहारी | – | * | – | – | – | – | * | – | * | – | * | – | * | * | – |
| बटुवा | * | – | * | – | – | * | – | – | * | * | – | – | * | * | – |
| गाउँलेहरू | – | – | – | – | * | * | – | – | * | * | – | – | * | * | – |
| गाउँका अन्य बोक्सी महिला | – | * | – | – | * | – | * | – | * | – | * | * | – | – | * |
| युवक | * | – | – | – | * | * | – | – | * | * | – | * | – | – | * |

बटुवा कथाको प्रमुख पुरुष पात्र हो । कथामा उसको भूमिका महत्त्वपूर्ण रहेको छ । कथामा बुढी र बटुवाका बीचमा द्वन्द्वको सिर्जना भएको देखिन्छ । बटुवाले आफ्नो तान्त्रिक विद्याका कारण मृत्यु भएको युवकलाई बचाएको छ । बुढीले युवकको मुटुकलेजो झिकेपछि बटुवाले फेरि उही ठाउँमा राखिराखेर बचाएको घटना देखाइएको छ । बटुवा एक गतिहीन र वर्गीय सहभागी हो । ऊ एक मञ्चीय सहभागी हो । बटुवाको उपस्थितिले कथालाई मौलिक बनाएको छ । ऊ एक बद्ध सहभागी हो । बुहारी एक सहायक महिला सहभागी हो । उसले बुढीको कार्यमा सहयोग गरेकी छे ।

**परिवेश विश्लेषण**

बुढी, बुहारी र बटुवा लोककथामा पूर्वेली ग्रामीण समाजको चित्रण पाइन्छ । यस लोककथामा स्थानीय परिवेशको रूपमा बटुवाले बास माग्दै हिँडेको गाउँघर, बुढीको घर, युवकलाई तेल लगाउने ठाउँ, आँगन, पिँढी, बगर, काशी, गङ्गा, वनजङ्गल आदि आएका छन् । बिहान, दिउँसो, साँझ, मध्यरात सामान्य कथासमयको रूपमा आएका छन् । बुढी र बुहारीले मध्यरातमा युवकको मुटुकलेजो झिकेका छन् । यहाँ आएको मध्यरात विशिष्ट कथासमय हो । सामान्य कथास्थलको रूपमा एकादेशमा, गाउँघर, खेत, बगर, वनजङ्गल, बाटोघाटो आएका छन् भने विशिष्ट कथास्थलको रूपमा सबै महिला सर्वाङ्ग भएर गएको काशी र नुहाएकी गङ्गा आएका छन् । समग्रमा लोककथा सुखान्त छ । लोककथाको सुरुमा बटुवाले बास नपाएको, भौँतारिएको, बास माग्दा बुढीले गाली गरेकी छे । बटुवाको वस्तुस्थिति दुःखान्त छ । मध्यभागमा पनि लोककथा दुःखान्त रूपमा अगि बढेको छ । कथाको अन्त्यमा सबै गाउँका बोक्सीहरूलाई कालोमोसो दलेर निकाला गरिएको र मृत्यु भएको युवक बाँचेको छ । तसर्थ अन्त्यमा सुखद समापन भएको वातावरण छ ।

**उद्देश्य विश्लेषण**

यस लोककथाको मूल उद्देश्य समाजमा घटेका घटनाहरूलाई देखाउनु हो । लोककथाको प्रयोजन मनोरञ्जन प्रदान गर्नु हो । यहाँ मानिसको अलौकिक शक्तिको प्रयोगबाट मृत्यु भएको मानिसलाई पुनः बचाइएको, औँलाबाट मुटु,

कलेजो झिकेको, हावामा उडेका घटनाहरू आएका छन् । यी घटनाहरू पढ्दा, सुन्दा पाठक÷श्रोतामा कुतूहलता, उत्सुकता पैदा हुन्छ । यसबाट मानिसहरूलाई मनोरञ्जन प्रदान भएको छ । लोककथा कथ्ने समय राति हो । रातिको समयमा दिनभरको थकान मेट्न, केटाकेटी फुल्याउन, बसिबियाँलो गर्न कथा भनिन्छ । यसर्थ यस लोककथाको मूल उद्देश्य मनोरञ्जन दिनु र लिनु रहेको छ । प्रस्तुत लोककथाले खराब काम गर्ने मान्छे समाजबाट बहिष्कार हुनुपर्छ भन्ने नैतिक शिक्षा दिएको छ । यस लोककथाले मान्छेले सधैँ सत्कर्ममा लाग्नुपर्ने सन्देश दिएको छ ।

**भाषाशैलीय विन्यासको विश्लेषण**

बुढी, बुहारी र बटुवा लोककथाको भाषिक विन्यास सरल, सहज र सम्प्रेषणीय छ । यसमा क्लिष्ट, दुर्बोध तथा बहुअर्थी शब्दहरूको प्रयोग पाइँदैन । 'पिँढी', 'बेँसी', 'नाङ्लो', 'जुवारीकोट', 'दियो', 'टुकी', 'आँगन', 'बोक्सी' र 'झाँक्री' जस्ता शब्दहरू ग्रामीण समाजमा प्रचलित शब्दहरू हुन् । यस्ता शब्दहरूको प्रयोगले लोककथालाई विश्वसनीय तथा जीवन्त बनाएको छ । साथै, यी शब्दहरूले लोककथाको स्थानीयता र मौलिकतालाई समेत उजागर गरेका छन् । कथामा 'एउटा गाउँ थियो', 'घरमा को हुनुहुन्छ?', 'बास भए पुग्छ', 'आँगनमा सुत्नु', 'यो सब देखेर बटुवा छक्क परी हेरिरहेको थियो' तथा 'एकछिनपछि पिपलको रुखमुनि आएर नाच्न थाले' जस्ता छोटा, सरल तथा कोशीय अर्थ दिने वाक्यहरूको प्रयोग पाइन्छ । यस्ता वाक्यहरूले कथालाई रोचक, बोधगम्य र प्रभावकारी बनाएका छन् । लोककथामा वर्णनात्मक र संवादात्मक दुवै शैलीको समुचित प्रयोग गरिएको छ । कथानकको विकासमा बटुवा पात्रको प्रमुख भूमिका रहेको छ । 'र', 'पो', 'खै', 'ला' र 'त' जस्ता निपात शब्दहरूको प्रयोगले कथाको अभिव्यक्तिलाई स्वाभाविक तथा आकर्षक बनाएको छ । बटुवा र बुढी तथा बटुवा र गाउँलेबीचका संवादहरूले कथानकलाई गतिशील र सहज बनाएका छन् । यसका साथै, वर्णनात्मक शैलीका माध्यमबाट घटनाहरू क्रमबद्ध तथा सिलसिलेवार रूपमा प्रस्तुत भएका छन् । लोककथामा 'एकादेशमा' बाट कथा प्रारम्भ गरी 'सुन्नेलाई ...' जस्ता परम्परागत समापन शैलीको प्रयोग गरिएकाले यसको मौलिकता, श्रुतिमाधुर्य र लोकस्वाद अझ प्रभावकारी बनेको छ ।

अतः प्रस्तुत लोककथा संरचक घटकहरूका दृष्टिले उत्कृष्ट लोककथा हो । यसमा कतै कतै अभिप्रायको प्रयोग देखिन्छ । यस लोककथामा अस्वाभाविक, असाधारण घटना, पात्र, परिवेशको चित्रण गरिएको छ । यसको कथानकको विन्यासक्रम सन्तुलित प्रकृतिको छ । सहभागी, परिवेश र भाषिक विन्यासबीचमा अनुकूल सम्बन्ध देखिन्छ । यस लोककथाले लोकविश्वासलाई समेत देखाएको छ ।

## निष्कर्ष

श्रुतिपरम्परामा आधारित अपठितहरूको समूहबाट अभिव्यक्त हुने आख्यानात्मक गद्य रचना नै लोककथा हो । कुनै पनि कृतिको संरचक घटकहरूको निर्मित वा सम्बन्ध नै संरचना हो । लोककथाका कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीय विन्यास जस्ता तत्त्वहरू हुन् । बुढी, बुहारी र बटुवा लोककथा अतिप्राकृतिक र किंवदन्तीमूलक लोककथा हो । यस कथामा लोकविश्वासको प्रयोग भएको पाइन्छ । यो एक वीरकथा, नीतिप्रधान र घटनाप्रधान लोककथा हो । विवेच्य लोककथाको कथानकविन्यास क्रमिक ढाँचा संरचित छ । कथानकको आदि, मध्य र अन्त्यको श्रङ्खला मिलेको छ । लोककथामा उपस्थित सहभागीहरूका कार्यव्यापारले लोककथालाई जिबन्त र मौलिक बनाएका छन् । यहाँ

सामाजिक लोकजीवनलाई देखाइएको छ । लोककथाको भाषाशैली सरल सहज छ । प्रस्तुत लोककथामा मान्छेका अद्भभूत, अलौकिक शक्ति, जादुटुना, तन्त्रविद्याका माध्यमबाट समाजमा घटेका घटनालाई प्रस्तुत गरिएको छ । यस लोककथामा वर्णनात्मक र संवादात्मक दुवै शैलीको प्रयोग गरिएको छ ।

**सन्दर्भ सामग्रीसूची**

धर्मदेवी नगरपालिका (२०७८), धर्मदेवी वार्षिक योजना तथा कार्यक्रम, सङ्खुवासभाः धर्मदेवी नगरपालिका ।
पराजुली, मोतीलाल र गिरी, जीवेन्द्रदेव (२०६८), नेपाली लोकसाहित्यको रूपरेखा, ललितपुरः साझा प्रकाशन ।
लुइटेल, खगेन्द्रप्रसाद (२०५८), 'माइत कथाको संरचना विश्लेषणः, कुञ्जिनी ९ (६), पृ.४८–५३ ।
लुइटेल, खगेन्द्रप्रसाद (२०६२), कविताको संरचनात्मक विश्लेषण, काठमाडौः रत्न पुस्तक भण्डार ।
लुइटेल, खगेन्द्रप्रसाद (२०७६), लोकवार्ताविज्ञान (सिद्धान्त र विश्लेषण), काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

●●●